D.A.O. Kathmandu Regd. No.: 451-2071/072

हरियाली रक्षक

Green Guard Bimonthly Magazine

Complimentary for School Children

वर्ष-४, अंक-८

May/June 2017



हुम्ला, जैर विशेष - २०७४

Humla, Jair Special - 2017



पुतली : जैविक विविधताको महत्वपूर्ण अंश

– प्रा.डा. भैया खनाल

श्री सरस्वती मा.वि., जैर, हुम्लाका विद्यार्थीसँग साक्षात्कार



कक्षा १० का विद्यार्थीहरू



वातावरण संरक्षणबारे निबन्ध लेख्दै



वातावरण संरक्षणबारे चित्र कोर्दै



वातावरण संरक्षणबारे चित्र कोर्दै



वातावरण संरक्षणबारे चित्र देखाउँदै



बालबालिकाहरू घरेलु काममा व्यस्त

जैर, हुम्लाको वातावरणिय अवस्था

देशकै दुर्गम र विकास पुग्न नसकेको (Isolated Region) हुम्ला, जैरको औषत उचाई 3000 meter र 30.0052^{O} N, 81.9535^{O} E मा अवस्थित छ । गत फागुन, चैत्र महिनामा यस क्षेत्रमा रहेको वातावरणीय अवस्थाको अध्ययन गर्ने क्रममा त्यहाँका अभिभावक, विद्यार्थीहरुसँग अन्तरक्रिया एवं जनचेतना मार्फत प्राप्त समस्याहरु निकै नै गम्भीर प्रकृतिका थिए । दिगो व्यवस्थापन मार्फत विकासको लहरका अनेकौं सम्भावना हुँदा पनि यस्ता क्षेत्रहरुमा वातावरणीय समस्याले गर्दा निकै नै पछाडि परेको महुसस हुन्थ्यो । गाउँघरमा काम गर्न सक्ने पुरुष वर्गको संख्या न्यून तथा त्यस गाविसमा रहेको एक माध्यमिक र अर्को प्राथमिक विद्यालयमा विषयगत शिक्षकका अभावमा शैक्षिकस्तर पनि निकै कमजोर अवस्थामा पाइयो । हामीले विद्यार्थी एवं अभिभावक मार्फत वातावरण संरक्षणका बारेमा अनौपचारिक कार्यक्रम गरेर उनीहरुबाट नै प्राप्त अभिव्यक्त विचार, चित्र एवं निबन्धलाई यहाँ समेट्दै वातावरण संरक्षणका सवालमा सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराउन चाहन्छौ । एकातिर दिनानुदिन बनजंगल घट्दो अवस्थामा छ भने वन्यजन्तुले वासस्थान नपाउँदा द्वन्द्व बढ्दो अवस्थामा देखिन्छ । वासस्थानको घट्दो अवस्थाले गर्दा चराचुरुङ्गीले गुँड लगाएर फूल पार्न एवं बच्चा हुर्काउन समेत निकै संघर्ष गर्नु परेको देखिन्छ । वन्यजन्तुको महत्व थाहा नहुँदा कयौं वन्यजन्तुहरुको विनाश भएको देखिन्छ । जलचर, घस्रने प्राणी, चुराचुरुङ्गी एवं स्नतधारी जीवहरुको आखेटोपहार जताततै देख्न सकिन्छ । विद्यार्थी एवं गाउँलेहरुले वन विनाश एवं वन्जयन्तुको महत्व थाहा नहुँदा वातावरणीय समस्या उत्पन्न भई बाढीपहिरोको चपेटामा परेका कुरा समेत हामीलाई अवगत गराउँदा गरिबी, अज्ञानतामा रहेको यस क्षेत्रको दिगो विकास गर्न पाइला चाल्नुपर्ने देखिन्छ । ❑

Bimonthly Magazine
GREEN GUARD
Supported by:
LVDI INTERNATIONAL

Chief Editor:
Madhav Paudyal
Associate Editor:
Thaneshwor Pd. Basyal
Satchit Ghimire
Shashi Sharma
Reporter:
Biraj Pun
Hem Magar

Editor:
Bishwanath Rijal
Publisher:
Green Guard Nepal
Photo:
Green Guard
Design & Layout:
Pranaya Sindurakar

Office:
Anamnagar, Kathmandu
Mobile: 9808244120
E-mail: greenguard2016@gmail.com

Printed at:
Global Print Connection, Dillibazar

हुम्ला, जैर क्षेत्रमा देखिएका वन्यजन्तुका आखेटोपहार



मानव बस्तीमा जंगली खरायो



हरिण प्रजातिको छाला



लंगुर बाँदरको छाला



मारिएको गोही



कर्णाली नदीका माछा



गुँड विहिन अवस्थामा देखिएका चराका बच्चा

वनजङ्गलको महत्व



दीपक रोकाया
कक्षा : १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

हावापानी संरक्षणमा वनजङ्गलको ठूलो भूमिका हुन्छ । भू-वनौंट अनुसार जङ्गलमा पाइने जन्तु र वनस्पतिहरुका समूह फरक-फरक हुन्छन् । वनजङ्गलवाट हामीले काठ, दाउराका साथै विभिन्न प्रकारका जडिवुटी, फलफूल, घाँसदाउरा प्राप्त गर्छौं । वनजङ्गलले जङ्गली जनावर र पंक्षीलाई आश्रय दिन्छ । वनजङ्गलले प्राकृतिक सौन्दर्य प्रदान गर्ने भएकाले पर्यटन व्यवसायलाई सेवा दिन्छ । भौतिक विकासका कारणले प्राकृतिक नदी, हावा, रुख र सम्पूर्ण हरियाली प्राय : विकृत भएका छन् । खास गरी उद्योग एंव कलकारखानाको धुवाँ र त्यहाँबाट निस्केको दुषित पानी तथा शहरवजारमा ढल र फोहोरको समुचित व्यवस्था नगरीएका कारण आजको वातावरण नै प्रदुषित वन्न गएको छ ।

वातावरण प्रदुषण हुने मुख्य कारणमा वनजङ्गलको जथाभावी फँडानी पनि एक हो । आज वनजङ्गलको जथाभावी फँडानी गरिएका कारण हरियाली देख्न पाईएको छैन । आगो लागेका कारणले डाँडा, काडा नाङ्गा देखिएका छन् । वनजङ्गलको विनाशबाट वन्यजन्तु विस्थापित भई अतिवृष्टि, अनावृष्टि, भू-क्षय, वाढी-पहिरो जाने र धनजनको ठूलो क्षति हुने गर्छ । मानव सभ्यताको विकास सँगसँगै मानव-समाजमा थुप्रै विकृति र विसङ्गतिहरु जन्मेका छन् ।

प्राणीले धर्तीमा जन्मनासाथ सास फेर्ने काम गर्छ । उस्ले श्वास-प्रश्वास लिन हावा नै स्वच्छ भएन भने उस्को जीवन रोगग्रस्त र अस्वस्थ्य वन्न जान्छ । स्वस्थ्यताका निम्ति वातावरण स्वच्छ हुनु आवश्यक छ । जनसंङ्ख्याको अत्याधिक बृद्धिका कारण वातावरण प्रदुषित वनेको छ । जनसंङ्ख्याको बृद्धिसँगै फोहोर बढ्छ । फोहोर बढेपछि अनेक रोगहरुले प्राणीलाई आक्रमण गर्छ । यसै गरी अनियन्त्रित रुपमा वसोवास



हुम्लाको जैर गा.वि.स.को चरिचरण क्षेत्र

गर्नु, सुविधा यूक्त ठाउँमा शौचालयको व्यवस्था नहुनुको कारणले पनि मानिस र जंङ्गलि जनावरलाई पनि असर पर्छ । जनसंङ्ख्या बृद्धिका कारण खाद्यान्न र वासस्थानका लागि वन फँडानी गर्नाले र काठँको चोरी निकासी र वन्यजन्तु समेतको चोरी सिकार गर्नाले बातावरणको विनाश हुन्छ । घर पालुवा जनावर जङ्गलमा चराउनाले, छाडा छोड्नाले र वनमा आगो (डढेलो) लगाउनाले पनि वनजङ्गलको विनासका कारण हुन् । वाढी-पहिरो, भू-क्षय, अनावृष्टि, अतिवृष्टि, खण्डवृष्टि, सुखा, खडेरी हुनुका साथै पानीका स्रोतहरु सुक्ने यो सवै असर मानिसकै क्रियाकलापबाट भइरहेको छ । 'हरियो वन नेपालको धन' भन्ने उक्ति मानिसकै क्रियाकलापका कारण असत्य कथा हुन पुगेको छ । जङ्गलका जनावरहरुको लागि ठूलो समस्या वनेको छ । यसको संरक्षणको लागि हामी सबै सचेत भएर अगाडि बढ्न आवश्यक छ ।

❑

हरियाली हराउँदै गएको छ



सिद्ध धामी
कक्षा : १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

वनजङ्गलको जथाभावी फँडानी गरिएका कारण हरियाली हराउदै गएको छ । डाँडाहरु जतातै नाङ्गा, निर्वस्त्र र उजाड देखिन थालेका छन् भने, कतै वन फँडानि गरी काठ बेचेर आफ्नो जीविकोपार्जन गर्ने माध्यम पनि वनाएका छन् । यसरी हेर्दा हामीले मासेको वनले हाम्रो समुदायमा बिभिन्न असरहरु बढ्न गइरहेका छन् । जस्तै बाढीपहिरो, भू-क्षय, अनावृष्टि आदि समाधानका लागि हामी सबै मिलेर अगाडि बढनु पर्दछ ।

❑

पर्यावरणीय सन्तुलन महत्वपूर्ण



कल बहादुर रोकाया
कक्षा : १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

वन र वनस्पति पारिस्थितिक प्रणालीका महत्वपूर्ण पक्ष हुन । यी मानव जीवनलाई अपरिहार्य छन् । वन र वनस्पतिको महत्व मानवलाई मात्र हैन पर्यावरणीय सन्तुलन कायम राख्न समेत महत्वपूर्ण हुन्छ । किन भने, वन वनस्पतिले हावालाई स्वच्छ सफा राख्छ । त्यस्तै माटोलाई अड्याएर पहिरो जान दिँदैन । वनजङ्गल विनाशकै कारणले नकारात्मक अस वन्दै जान्छ । वन्यजन्तुलाई मारेर नेपालको अस्तित्व मात्र लोप हुन जान्छ । वन र वन्यजन्तुले देशलाई चिनाएको हुन्छन र रमणीय बनाउछन् जसले गर्दा पर्यटक पनि बृद्धि हुन्छन् ।

❑



गाइवस्तुले धाराको पानी खाँदै

पुरस्कार/PRIZES

यस पत्रिकामा लेख, रचना, चित्र, फोटो, छनौट भई प्रकाशित भएमा आकर्षक पुरस्कार प्रदान गरिनेछ ।

हरियाली रक्षक परिवार

वनजङ्गलको अवस्था दिन-प्रतिदिन घट्दै गएको छ



सुर्जा रावत
कक्षा : १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

पहिले-पहिले हाम्रो गाउँमा जस्तो सुकै काम गर्नको लागि नजिकै गएर गाई भैंसीलाई घाँस, सोत्तर, स्याउला, दाउरा प्रर्याप्त मात्रामा पाईन्थ्यो र औषधीको लागी जडिबुटी पनि प्रशस्त थिए । जीविकोपार्जन गर्न कठिन थिएन । ठूला-ठूला घोरल, वाघ, भालु, मृग यही हरियाली वनजङ्गलमा पाइन्थ्यो । अहिले वनजङ्गलको अवस्था दिन-प्रतिदिन घट्दै गएको छ । यहाँका मनिसहरु आफ्नो जीवन निवार्ह गर्नका




हुम्लाको जैर गा.वि.स.को चरिचरण क्षेत्र

लागि दिन-प्रतिदिन वन-जङ्गलको फँड्नी गर्दै गएका छन् । जङ्गलमा पाइने अनगिन्ती पशुपन्छी पनि लोप हुँदै गएको देखिन्छ । पहिला त हाम्रो घरमा राष्ट्रिय चरा डाँफे पनि ठूलो रुखको हाँगामा वसेर आवाज निकालथ्यो र हाम्रा वुवा-आमाले उसको आवाज सुन्ने गरेको हमीलाई बताउनु हुन्छ । अहिले त जनसंङ्ख्या बृद्धिको कारणले हामीले त्यो डाँफे चरालाई हेर्नको लागि र त्यसको आवाज सुन्नको लागि एक दिन भर हिडेर पनि भेटाउन गाह्रो पर्दछ । लाली गुरास फूल पनि घट्दै गएको अवस्था देखिन्छ ।

कतै कतै कटारी प्रयोग गरेर आफ्नो जीवन निर्वाहका लागि काठ चिर्ने गरेका छन् । यसरी पनि हरियाली वन जङ्गल फडाँनी भएको छ । २०७३/०२/०७ गतेको दिन हाम्रो गोठमा आएको बाढि पहिरोले धेरै घर भत्काएर गाई वस्तु वगाएर कर्णाली नदीमा मिसायो । अहिले हाम्रो गाउँठाउँ समाजमा यस्तो बाढी पहिरो रोक्न कुनै पनि व्यवस्था भएको छैन । काठबाट विभिन्न प्रकारको फर्निचर तयार गर्न ठूला-ठूला भवन, विद्यालय, अस्पताल वनाइने गरेका छन् । वातावरणलाई स्वच्छ हराभरा राख्न पनि वन सम्पदाको महत्वपूर्ण भूमिका रहेको छ । वाढीपहिरो जस्ता भू:क्षय रोक्न पनि वन जङ्गलले सहयोग पुऱ्याउछ । वनजङ्गलले विभिन्न प्रकारका वन्य जन्तु, पशुपन्छीको लागि वासस्थान प्रदान गर्छ । वन जङ्गलले पर्यटन व्यवसायलाई प्रवर्धन गर्न सहयोग पुऱ्याउँछ । ❑

कति वटा जनावर छन् ?



संरक्षणमा जोड दिनुपर्दछ



दीप बहादुर सुनार
कक्षा : १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

हाम्रो देश नेपालमा छाँगा, छहरा, नदी, ताल, पोखरी, झरना जस्ता सम्पदाले पनि नेपाललाई पर्यटकीय स्थल वनाएका छन् । हाम्रो देश नेपालमा भएका जनावरहरुलाई लोप हुन नदिन जस्तै हात्ती, गैंडा, भालु, बाघ, जरायो, हरिण पशुपन्छी डाँफे, मुनाल अन्य साना पशुपन्छीको व्यवस्थाको लागि राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु आरक्षको व्यवस्था गर्नु



जैरमा गहुँ बाली

पर्छ । वनजङ्गलमा भएका जनावरलाई मार्नु हुँदैन । वनजङ्गल संरक्षणमा जोड दिनुपर्दछ । रुख काट्न हुदैन, वनमा डँढेलो लगाउन हुँदैन । बोट विरुवा काटनेलाई कानूनी कारवाही गर्नुपर्छ । वनजङ्गल विनास गरेमा जनावर र चँरा चुरुङ्गी लोप हुन्छन् । हाम्रो पर्यावरण बिग्रन्छ ।

❑

वनजङ्गल नभएपछि पहिरो र भू-क्षय बढि हुन्छ



गौरब बुढा
कक्षा : १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

वनजङ्गलले देश विकास र देशको आमूल परिवर्तन गर्न ठूलो भूमिका खेल्छ । वनजङ्गलमा भएका सम्पूर्ण तलैया, नदी, झरना, वन्यजन्तु, खनिज पदार्थ, जडि-बुटी र हरियाली वनको अवलोकन गर्न अथवा नयाँ नयाँ जीव वारे वुझ्न पर्यटक आउछन् र देशको आर्थिक स्थिति बृद्धि हुन्छ । दूलर्भ जनावर एक सिङ्गे गैंडा, मृग, कस्तुरि आदि जस्ता जनावर पनि



जैरमा खानेपानीको धारा

वनजङ्गल मै अवस्थित हुन्छन् । वहुमूल्य जडि-वुटी यार्सा गुम्वा, पाँच औले, कटुको जस्ता जडि-वुटी पनि वन जङ्गलमै पाईन्छ यसैले वनजङ्गल एकदमै आवश्यकता छ । वनजंङ्गल नभएपछि पहिरो र भू-क्षय आउने सम्भावना वढि हुन्छ । वन जङ्गल नभएको अवस्थामा खडेरी पर्ने र विभिन्न महामारी जस्तो रोगहरु फैलिने गरि नराम्रो प्रभाव पर्दछ ।

❑

महामारी रोग फैलिने सम्भावना



ठान बहादुर रोकाया
कक्षा : १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

नेपालकै विकटको रुपमा परिचित हुम्लाको जैरमा वन जङ्गलहरु पर्याप्त मात्र पाईन्छ। तर वर्तमान अवस्थामा हेर्ने हो भने, यहाँको वनजङ्गल कम हुँदै गएको छ। यस क्षेत्रमा विभिन्न किसिमका वोट- विरुवाहरु प्रर्याप्त मात्रामा पाईन्थ्यो । यहाँको तिव्र जनसंङ्ख्याको कारणले अहिले वनजङ्गललाई नाश गरेर आफूलाई नचाहिने मात्रामा पनि जमिनहरु खनजोत गरेर बोट विरुवाहरुलाई नाश गरेका छन्। तर यस्तो नगरेर वन सम्पदालाई जोगाएर राख्नु पर्छ।

नेपालकै विकट जिल्लाको रुपमा परिचित कर्णाली अञ्चलको अति विकट हुम्लाको सदरमुकाम देखि पश्चिम क्षेत्रमा पर्ने जैर गाँउको वनजङ्गललाई पहिलाको अवस्था हेर्ने (सोच्ने) हो भने, अहिले आधा भाग पनि बाँकि छैन् । प्राकृतिक सम्पदाको रुपमा रहेका वनसम्पदा पहिले पहिले गाँउमा जनसंङ्ख्या कम हुँदा व्यापकरुपमा वनक्षेत्रले ओगटेको थियो भने, हाल तिव्र जनसंङ्ख्या बृद्धिको कारणले गर्दा मानिसहरुले आफ्ना साधारण आवाश्यकता परिपूर्ति गर्नका लागि वनजङ्गललाई फँडानी गरेर जग्गा जमिन तथा वस्तीको रुपमा परिणत गरेका छन् । कतै वनक्षेत्रलाई कटानी गरी काँठ र दाउराहरु बेचेर आफ्नो जीविको पार्जन गर्ने माध्यम पनि वनाएका छन् । यसरी हेर्दा हामीले मासेको वनले हाम्रै समुदायमा विभिन्न किसिमका असरहरु बढ्न गइरहेका छन् । जस्तैः बाढी, पहिरो र भू-क्षय जस्ता असरहरुको बृद्धि हुदै गएको छ। त्यसैले यसलाई रोकथाम गरेमा गाँउमा गतवर्ष झै वाढि र पहिरो आएर क्षति वेहोर्नु पर्ने थिएन भने, पोहोर सालकै जस्तै खडेरी पनि वेहोर्नु पर्ने थिएन । त्यसैले यँहाका मानिसहरुले जथाभावी जङ्गलहरु कटानी गर्नु भएन । भिरालो जमिनमा जग्गा (गरा) गर्नु भएन, ठाउँ-ठाउँमा जनचेतना फैलाउने, नयाँ डाँडाहरुमा वृक्षारोपण गर्ने र डढेलो लगाउनु भएन। यस क्षेत्रमा बिभिन्न किसिमका जडि-बुटी, वन्य-जन्तु, वनस्पती र चराचुरुङ्गी प्रशस्त पाइन्छ । यहाँ पर्यटकीय स्थानहरु पनि धेरै छन् । तर यहाँको भौगोलिक हिसावको कारणले यातायातको पहुँच नभएको कारणले हाम्रो ठाउँमा पर्यटकहरु आउन सकेका छैनन्। वनले हावालाई स्वच्छ राख्नुका साथै वातावरणलाई सन्तुलित वनाएको हुन्छ। त्यस्तै माटोलाई अड्याएर पहिरो जान दिदैन् । पानीका मुहानहरु बृद्धि हुन्छन्। घाँस, दउरा, सोत्तर, स्याउला प्रशस्तमात्रमा पाउन सकिन्छ। तर वनजङ्गल फडाँनी गर्दा महामारी रोग फैलिने सम्भावना बढि देखिने, पानीको मुहानहरु सुक्दै जाने, दाउरा र सोतर स्याउला पाउन गाह्रो हुने, पहिरो जाने सम्भावना बढि हुने र मान्छेलाई दुःख र कष्ट भोग्नु पर्ने हुन्छ। पर्यटकीय क्षेत्रहरु विर्गादा आर्थिक लाभ कम हुने, नचाहिंदो मात्रामा वनजङ्गल फडाँनी गर्दा मानिसका आवश्यकता पनि परिपूर्ति नहुने सम्भावना बढि हुन्छ। ❑



जैर गा.वि.स.को चरिचरण क्षेत्र

वन र वन्यजन्तु संरक्षणमा हाम्रो भूमिका



सुमित्रा रोकाया
कक्षा : १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

नेपालकै ७५ वटा जिल्लाहरुमध्ये एक विकट तथा अविकसित जिल्ला हुम्ला हो । हुम्लाको अर्थात दुर्गम तथा विकट जिल्लाको एक भाग हो । यहाँ वनजङ्गल नियमित रुपमा घट्दै गएको पाइन्छ। सामान्य अर्थमा वनजङ्गल भन्नाले एउटा भू-भागमा रहेका सम्पूर्ण अर्थात विभिन्न किसिमका वोटविरुवाको संङ्गमलाई वनजङ्गल भनिन्छ ।

हुम्लाको जैर गा.वि.स.मा अवस्थित वनजङ्गलको अवस्था एकदमै दयनिय र दु:खदायी रहेको पाइन्छ । यसमा वनजङ्गलमा धूपी, सल्लो, ठिगे सल्लो, गोब्रेसल्ला, पिपल, लालीगुराँस जस्ता धेरै थरिका वोटविरुवा रहेको पाइन्छ भने, जडिवुटीमा उतिस, कटुको, पाँचऔले, च्याउ, जस्ता बहुमूल्य जडिवुटी रहेको पाइन्छ । यो जङ्गलमा विभिन्न किसिमका जनावर जरायो, कस्तुरी आर्थत वाघ, भालु देखि बाँदर, स्याल रहेको पाइन्छ । तर पनि यस्ता किसिमका पशुपंक्षी तथा वोटविरुवा



जैर गा.वि.स.को कृषि क्षेत्र

हुदा पनि यो जङ्गलको उचित उपयोग हुन सकेको छैन । यो जङ्गलमा जथाभावि रुख काट्ने आगलागी तथा जथाभावी गाई वस्तु छाडा छाड्नाले यो वनको विनास भएको पाइन्छ । आवश्यकता पूर्तीका लागि घर जग्गा वनाउन वनको फँडानि गरेको पाइन्छ । यिनै कारणले गर्दा वनको विनास भएको पाइन्छ । यो विनास भएपछि मान्छेलाई सर्वप्रथम अक्सीजनको अभाव तथा वाढि-पहिरोको क्षति वेहोर्नु पर्ने हुन्छ । आर्थत खडेरि सहनु पर्ने हुन्छ र विभिन्न किसिमका बहुमूल्य जडिवुटीलाई गुमाउनु पर्ने हुन्छ । वनमा विभिन्न किसिमका वन्यजन्तु वाँदर, वाघ, भालु, कस्तुरी, डाँफे, मुनाल, कालिज, कोइली आदिलाई समेत गुमाउनु पर्ने हुन्छ । एउटा मरुभूमि वन्ने सम्भावना हुन्छ। यसकालागि हामीले वृक्षारोपण तथा आगलागि अर्थात जथाभावि गाईवस्तुलाई नछाडी विभिन्न संरक्षणका कार्य गरी हातेमालोका साथ आगडि बढ्नुपर्दछ ।

वनको संरक्षण तथा सहि सदुपयोग गर्ने वानिको विकास गर्नु आवश्यक छ । तर पनि नेपालको प्रमुख आयस्रोतको रुपमा वन जङ्गललाई लिन सकिन्छ । वन-जंगलको संरक्षण र विकासले राष्ट्रको राजस्वमा वृद्धि ल्याउने कार्य गर्दछ । तर पनि हाम्रो गाउँमा अशिक्षा तथा वेरोजगारिका कारण पनि वन विनास भएको पाईन्छ । यसले गर्दा मानिसको जीवनमा विभिन्न किसिमका रोगहरु जस्तै झाडापखाला, हैंजा तथा जुका पर्ने जस्ता महामारी रोगहरु फैलिने सम्भावना देखिन्छ। त्यस कारण वनजङ्गलको संरक्षण गर्नु अति आवश्यक छ ।

❑

वनजङ्गलमा जनावर, पशुपंक्षीले बासस्थान पाउँछन्



प्रतिक्षा कार्की
कक्षा : १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

हाम्रो देश नेपाल प्राकृतिक सम्पदाले भरिपूर्ण छ । भौगोलिक तथा प्राकृतिक सुन्दरताले मनमोहक छ । यहाँको नदीनाला, जीवजन्तु, पशुपंक्षी, रहनसहन र वातावरणले विश्वलाई आकर्षित गरेको छ । तिमध्ये अति महत्वपूर्ण सम्पदा वनजङ्गल हो । हामीले वनजङ्गल जोगाउनको लागि फँडानी गर्नु हुँदैन । वनजङ्गलले हाम्रो देशको शोभा बढाउन मद्दत गर्दछ । वनजङ्गलले हाम्रो वातावरण स्वच्छ बनाउछ । वनजङ्गल जोगाएमा विभिन्न थरिका जनावर पशुपंक्षीले वासस्थान पाउँछन् । वनजङ्गल जोगाएमा अक्सिजनको कमि हुँदैन । वनजङ्गलमा जनावर चराचुरुङ्गिको चहल-पहल देख्दा हामीलाई आनन्दको महसुश हुन्छ । त्यसैले गर्दा हामीले अनिवार्यरुपमा वन जोगाई हरियाली राख्न जरुरी देखिन्छ तर, मानिसको चेतनाको कमिले पनि



जैर गा.वि.स.को आवाश क्षेत्र

हाम्रो वनजङ्गल फँडानी भैरहेको छ । अब हामीले वनजङ्गललाई संरक्षण गर्न फँडानी गर्नुहुँदैन । आगो लगाउनु हुँदैन । हामीले जङ्गलका रुखहरु काट्नु हुँदैन । वनजङ्गलका जङ्गली जनावर लगायत चराचुरुङ्गीलाई मार्नु हुँदैन । हाम्रो गाई, भैंसि, भेडा, बाख्रालाई छाडा छोड्नु हुँदैन । यति कार्य गर्दा गर्दै पनि मानिसले वनजङ्गल फडानि गर्छन् भने एउटा वनमा (वनपाले) चौकिदार राख्ने गर्नुपर्छ । वनजङ्गलमा चुरोट सल्काएर जथाभावी आगो फालेमा आगलागि हुन सक्छ । यसमा पनि सबै मानिसहरुलाई ध्यान हुन जरुरी छ ।

वनजङ्गल एउटा महत्पपूर्ण प्राकृतिक स्रोत हो । त्यसैले वनजङ्गललाई संरक्षण गर्न जरुरि हुन्छ । बढ्दो जनसंङ्ख्याका कारणले मानिसले आफ्नो आवश्यकता पूरा गर्न वनजङ्गलको ब्यापक फँडानी गरिरहेका छन् । जस्ले गर्दा वनजङ्गल मासिदै गएको छ । मानविय क्रियाकलापको कारणले नै वन विनास भईरहेको छ । वन विनास भएपछि बाढि, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोप बढ्ने सम्भावना हुन्छ । वनजङ्गल विनासले गर्दा वन्यजन्तुको बासस्थानको पनि विनास हुन्छ । नेपालको विकट जिल्लाको रुपमा परिचित कर्णाली अञ्चलको अति बिकट जिल्ला हुम्ला जिल्लाको सदरमुकाम देखि पश्चिम क्षेत्रमा पर्ने धेरै वनजङ्गलको अवस्था दिन प्रतिदिन खडेरि हुँदै गएको छ । प्राकृतिक सम्पदा संरक्षण गर्न गाँउमा जनसंङ्ख्या कम भई बिभिन्न असरहरु पनि भईरहेको छ । यसर्थ हामीले हाम्रो वनजङ्गललाई अब संरक्षण गर्न अरुलाई पनि सिकाउनु पर्छ र आफूले पनि संरक्षण गर्नुपर्छ । ❑

वनजङ्गल संरक्षण गर्नु पर्छ



सरला रोकाया
कक्षा : १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

नेपालको हुम्ला सदरमुकामदेखि पश्चिम क्षेत्रमा पर्ने जैर गाउँमा वनजङ्गलको अवस्था दिन प्रतिदिन खस्किदै गएको छ । प्राकृतिक सम्पदाको रुपमा रहेको वन सम्पदा पहिले-पहिले गाउँमा व्यापक वन क्षेत्र रहेको थियो भने, हाल मानिसहरुले आफ्नो आवश्यकता पूर्ति गर्न वनक्षेत्रलाई फँडानि गरेर जग्गा जमिन तथा वस्तिको रुपमा परिणत गरेका छन् भने, कतै वन सम्पदालाई फँडानि गरि काठ वेचेर आफ्नो जीविकोपार्जन गर्ने माध्यम वनाएका छन् ।

हामीले मासेको वनले हाम्रो समुदायमा विभिन्न असरहरु पर्न गई रहेका छन् । जस्तै वन सम्पदा नमासिएको भए हाम्रो गाउँमा गत वर्ष वाढी पहिरो आएर क्षति वेहोर्नु पर्ने थिएन भने, पोहोर सालकै जस्तै खडेरी वेहोर्नु पर्ने पनि थिएन । हाम्रो देशलाई "हरियो वन नेपालको धन" भने जस्तै वन जङ्गललाई फँडानी गर्नु हुदैन । हामीले हाम्रो वनजङ्गललाई संरक्षण गर्नु पर्छ । हामीले वनमा भएका वोट विरुवालाई काट्नु हुँदैन । वनजङ्गललाई संरक्षण गर्नु पर्छ । वनजङगलमा वोट विरुवा लगाउनु पर्छ । वनजङगललाई हरियाली हराभरा बनाउनु पर्छ । ❑

**Think good to wildlife,
be good to wildlife
and do good to wildlife.**

संरक्षण गर्न अरुलाई पनि सिकाउनु पर्छ



दुर्गा बुढा
कक्षा : १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

हामीले हाम्रो वन जङ्गललाई अब संरक्षण गर्न अरुलाई पनि सिकाउनु पर्छ । आफुले पनि संरक्षण गर्नुपर्छ । वनजङ्गल संरक्षण गरेपछि अक्सिजनको कमि हुदैन । राम्रो वन जङ्गल देख्दा हामीलाई आनन्द महसुश हुन्छ । त्यसैले वनजङ्गल संरक्षण गर्न अगाडि वढ्नुपर्दछ । मानिस र वनजङ्गलको नङ र मासुको जस्तो सम्वनध हुन्छ । ❑

मानवीय क्रियाकलापको कारणले वन विनाश



लालदेवि बुमि
कक्षा : १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

वनजङ्गल महत्वपूर्ण प्राकृति स्रोत हो । मानिसले आफुलाई चाहिने काठ, दाउरा, जडिबुटी, घाँस आदि वनजङ्गलबाट प्राप्त हुन्छ । बढ्दो जनसङ्ख्याका कारण मानिसले आफ्नो आवश्यता पूरा गर्न वनजङ्गल मास्न थालेका छन् । मानवीय क्रियाकलापको कारणले वन विनाश भईरहेको छ । ❑

**We can judge the heart of a man
by how he treats animals**

नाङ्गा डाँडा वा रुखका जराहरुमात्र देखिन्छन्



टेकराज बुढा
कक्षा : १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

हामीले कुनै पनि कुरालाई क्षणिक फाइदा लिनु हुदैन रहेछ । किन भने हाम्रो क्षणिक फाइदाले गर्दा हाम्रो भविष्य नै अन्धकारपूर्ण बन्न सक्छ । हामीले हरेक कुराको फाइदा बेफाइदा केलाएर काम गर्न सक्यौं भने हाम्रो हुम्ला जिल्ला हराभरा मात्र नभई पर्यावरणीय रुपमा समृद्ध वन्ने छ ।

हाम्रो देश नेपालको विकट दूर्गम ठाउँमा रहेको हुम्ला जिल्ला कर्णाली अञ्चलकै सर्केगाठ गाउँपालिका वडा नं. १ मा पर्ने जैरको हरियाली वन पहिला हाम्रो अञ्चल कर्णालीको किनारासम्म हरियाली नै हरियाली देखिन्थ्यो । तर, त्यो वनको सुरक्षाकर्मी (रेखदेख गर्ने मान्छे अथवा वनपाले) को व्यवस्था थिएन । तर, पहिलाको जनसङ्ख्या कम भएको कारण यहाँ फडानी पनि कम हुन्थ्यो । त्यहि हरियाली वनबाट सडेगलेका दाउरा, स्वत्तर, स्याउँला पर्याप्त मात्रामा पाईन्थ्यो । गाई, भैंसीलाई विछ्याउनको लागि त्यसको प्रयोग गर्दथे र हरियो वन जस्ताको तस्तै रहन्थ्यो । त्यसमा रक्षकको आवश्यकता पर्दैनथ्यो ।



जैर गा.वि.स.मा तान बुन्दै

अहिलेको हरियो वन हेर्दा खेरी दिन-प्रतिदिन घट्दै गएको देखिन्छ । अहिले मानिसहरु जतासुकै करौंती प्रयोग गर्न रुख काट्ने गर्दछन् र तिव्र जनसंङ्ख्या वृद्धिको कारण वन फडानी गरिरहेका छन् ।

अहिले जता ततै नाङ्गा डाँडा वा रुख काटेर कुहेका जराहरुमात्र देखिन्छन् । के गर्ने यस्ता डाँडाहरुमा रुख रोप्ने व्यक्ति नै छैन । कोही कसैले कतै रुख रोप्यो भने गाइभैंसी, भेडा, बाखा छाडा छाडेका हुन्छन् । तिनीहरुले खाई दिन्छन् । पहिला घर वनाउनको लागी घर वनाउने ठाउँमै काठभाटा पाईन्थ्यो भनेर हाम्रा हजुर बुवाले भन्नुहुन्थ्यो । अहिले त एक दिनभर हिडेर जानु पर्ने अवस्था छ । त्यसैले गर्दा हरियाली जोगाउन आवश्यक छ । हामीले कुनै पनि कुरालाई क्षणिक फाइदा लिनु हुदैन रहेछ । किन भने हाम्रो क्षणिक फाइदाले गर्दा हाम्रो भविष्य नै अन्धकारपूर्ण बन्न सक्छ । हामीले हरेक कुराको फाइदा बेफाइदा केलाएर काम गर्न सक्यौं भने हाम्रो हुम्ला जिल्ला हराभरा मात्र नभई पर्यावरणीय रुपमा समृद्ध वन्ने छ । ❑

तपाईसँग भएका वन, वन्यजन्तु, वातावरण संरक्षणका बारेमा कुनै लेख रचना वा तपाईले त्यस सम्बन्धि कुनै घटना देख्नुभएको भए हामीलाई लेखेर पठाउनुहोस् । हामी तपाईको रचना प्रकाशित गरेर संरक्षण कार्यमा सघाउ पुऱ्याउँछौ ।

सम्पादक, हरियाली रक्षक

वनजङ्गललाई संरक्षण गर्न धेरै आवश्यक छ



विशाल रावत
कक्षा : १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

नेपालको वनजङ्गललाई संरक्षण गर्न धेरै आवश्यक छ । हामीले वनजङ्गललाई संरक्षण नगरेमा खडेरी पर्छ, पानीको मुहानहरु सुक्छन् र खडेरी परेमा वन पनि नास हुन्छ । वनजङ्गलमा धेरै किसिमका वोटविरुवा, जडिवुटी, चरा-चुरुङ्गी तथा असंङख्य जीवहरु पाईनछन् । हामीले वनजङ्गललाई संरक्षण नगरेमा यिनीहरु हराएर जान्छन् र हाम्रो अस्तित्व पनि लोप हुन्छ ।

❑

स्वच्छ हावा पानी र वातावरण



हाँसा छन्त्याल
कक्षा : १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

स्वच्छ हावा पानी र वातावरण मनोरञ्जनको स्रोतको रुपमा वनजङ्गललाई लिइन्छ । वनमा नयाँ उम्रने रुखको संख्या भन्दा त्यहा रहेका रुखहरु धेरै काटेर वनको मात्रा घटाउने कार्य वन विनास हो । मानिसको स्वस्थ्य एवं आर्थिक अवस्थालाई सुदृढ पार्ने र वातावरणीय सन्तुलन कायम गर्न वनजङ्गलको भूमिका रहने भएकोले वनजङ्गलको महत्व छ । यसैले "हरियो वन नेपलाको धन" भन्ने भनाईलाई सत्यतामा परिवर्तन गर्नु पर्दछ । वन जङ्गल र मानिसवीच नङ् र मासु जस्तै सम्वन्ध हुनुपर्दछ ।

❑

प्राकृतिक सम्पदाले भरिपूर्ण देश



मीना कुमारी बुढा
कक्षा : १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

हामो देश नेपाल विश्वमा प्राकृति सम्पदाले भरिपूर्ण देश हो । हाम्रो देश नेपाल भौगोलिक तथा प्राकृतिक सम्पदाले भरिभराउ भएको छ । यहाँ नदी-नाला, जीवजन्तु, पशुपंक्षी, बोटविरुवा तथा असंख्या रुपमा जीवहरु पाईन्छन् । हामीले डढेलो भएको ठाउँमा पनि एउटाको सट्टा दुइवटा रुख रोप्नुपर्छ । हामीहरुले वनजङ्गललाई राम्रोसँग जोगाएमा हामीहरुलाई धेरै लाभ हुन्छ । त्यसैले हामीहरुले वनजङ्गल नाश गर्नु हुँदैन । त्यसकारण वनजङ्गलको धेरै महत्वपूर्ण भूमिका छ । त्यसैले हामीहरुले वनजङ्गललाई राम्रोसँग जोगाउनु पर्छ । वनजङ्गल नभएपछि हामीहरु बाँच्न सक्दैनौं । यहीबाट हामीहरुले अक्सिजन पाउँछौ तर यस्को कमीले हामीहरु रोगी हुन्छौं ।

त्यसैले रुखहरुलाई नास गर्नुहुँदैन । यिनै कारणले रुख विरुवाको धेरै भूमिका हुन्छ । त्यसैले हामीहरुले रुख विरुवलाई काट्नु हुँदैन । मानिसहरुले वनजङ्गलमा आँगो लगाउने काम गर्छ । त्यस्तो बानिलाई हटाउँनु पर्छ । त्यसैले मानिसहरुले आफ्नो खेत, गराको रुखहरु काटेर दाउरा बनाउछन् तर त्यस्तो वानि हटाउनु पर्छ । हामीहरु वनजङ्गलमा आगो लगाउनु हुँदैन । सलाई कोरेर जथाभावि फ्याल्नु हुँदैन । चुरोट खाएको ठुटो जङ्गलमा फालेपछि आगलागी हुन सक्छ, त्यसलाई निभाउनु पर्छ नत्र डढेलो लाग्छ ।

❑

बाँदरसँग बस्ने बालिका



माधव पौड्याल

बाँदरसँगै बस्ने एक आठ वर्षीया किशोरी मानिस जसरी हिँड्न र बोल्न सक्दिनन् । उत्तरी भारतको बाहाराइच रिजर्भमा भेटिएकी उनी चिच्याउँछिन् मात्र र चार हात खुट्टा टेकेर हिँड्छिन् । उनलाई 'मोगली गर्ल' को उपमा दिइएको छ । उनको जीवनशैली रडयार्ड किपलिङले लेखेको किताब 'द जंगल बुक' को मोगली नामका एक पात्रसँग मिल्छ जसलाई ब्वाँसोहरुले हुर्काएका थिए । यी किशोरी नेपालको सीमा नजिकै रहेको कातारनियाघाट वन्यजन्तु आरक्षण केन्द्रमा रहेका बाँदरसँगै बस्ने गर्दथिन् । उनी को हुन् कहाँकी हुन् र जंगलमा बस्न थालेको कति वर्ष भयो भन्ने विषयमा अनसन्धान भइरहेको बताइएको छ । सब-इन्स्पेक्टर सुरेश यादवले उनलाई त्यहाँ देख्नुभन्दा पहिले एक रुख काट्ने व्यक्तिले उनलाई देखेको बतायो । पुलिस अधिकारी दिनेश त्रिपाठीले ती किशोरीलाई पहिलो पटक भेट्दा उनी नग्न अवस्थामा भएको र बाँदरसँग निकै सहज रुपमा बसिरहेको बताए । जब रुख काट्ने व्यक्तिले ती किशोरीलाई बचाउन खोजे तब एक हुल बाँदरले उनीहरुलाई लखेटे, पुलिस अधिकारीले बताए ।

उनलाई २०७३ चैत्रमा काटारनिया घाट फरेष्ट रेन्जबाट उद्धार गरिएको हो । 'जब उनले ती किशोरीलाई बोलाए तब बाँदरहरुले उनलाई आक्रमण गरे ।



बाँदरले पालेको बालिका

किशोरीलाई पुलिसले कारमा राखेर कुदाउँदा बाँदरले लखेटे ।' त्रिपाठीले भने । मोतीपुर स्टेशनका इन्स्पेक्टर राम अवतार सिंहले भने 'उनी हामीलाई देख्नेबित्तिकै डराउँथिन् । उनी राम्रोसँग बोल्न सक्दिनथिन् । उनी तीनवटा बाँदरले घेरिएकी थिइन् । उनको शरिरभरी घाउ थिए विशेषगरी कुइना र खुट्टामा ।' 'उनलाई उनको परिवारले छोडेको हुनसक्ने अनुमान गरेका छौं,' उनले भने । उनी निकै दुर्बल र भोकाएकी देखिन्थिन् । हामीले उनलाई केही खानेकुरा दियौं । उनी निकै मायालाग्दी थिइन् । यदि हामीले उनलाई उद्धार नगरेको भए जनावरले उनलाई खाइदिन्थे ।' केही भाषा नबुझेका बेला उनी कहिलेकाँही हिंस्रक हुने डाक्टरले बताएका छन् । डाक्टरका अनुसार उनी अझै पनि मानिससँग डराउँछिन् । उनलाई उभिएर हिँड्न सिकाएपनि अझै चार हात खुट्टा टेकेर हिँड्छिन् ।

उनलाई दुई महिना पहिले त्यहाँ भेटेपछि अस्पतालमा लगिएको छ । तत्पश्चात् उनको उपचार भइरहेको छ । उनको व्यवहार जनावरको जस्तो थियो, चार हात खुट्टा टेकेर हिँड्थिन् । खानालाई भुँइमा राखेर मुखले खान्थिन्' । उपचारपश्चात् उनी साधारण रुपमा हिँड्न थालेकी छिन् र हातले खाना खान थालेकी छिन । 'यद्यपी, उनी अहिले पनि बोल्न सकेकी छैनन् तर तपाईंले जे भन्नुहुन्छ, त्यो बुझ्छिन् र हाँस्छिन् पनि,' । चिफ मेडिकल अफिसर डिके सिंह भन्छन् 'यी किशोरीलाई दुई महिना पहिले भेटिएको थियो । उनी जनावरले जस्तै खाने र हिँड्ने गर्छिन् र मानिसलाई देखेपछि भाग्छिन् ।' 'उनको छालामा विभिन्न दाग छन् । उनलाई हेर्दा यस्तो लाग्छ कि उनी निकै पहिलेदेखि नै जनावरसँग बस्दै आएकी छिन् । अहिले उनको अवस्था सुधारोन्मुख छ र क्रमशः स्वस्थ हुँदै छिन् ।'

स्रोत : टाइम्स अफ इन्डिया, डेली मेल

❑

वनजङ्गल महत्वपूर्ण प्राकृति स्रोत



जयलक्ष्मी बम
कक्षा: १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

हामीले वनजङ्गललाई जोगाउनु पर्छ । वनजङ्गल एउटा महत्वपूर्ण प्राकृति स्रोत हो । मानिसले आफूलाई चाहिने काठ, दाउरा, जडिबुटी, घाँस आदि वनजङ्गलबाट प्राप्त गर्दछ । बढ्दो जनसंख्याका कारण मानिसले आफ्नो आवश्यक पूरा गर्न वनजङ्गल मास्दै गएको छ । यसरी वनजङ्गल मासिनुलाई वन विनाश भनिन्छ ।

मानविय क्रियाकलापको कारणले नै वनविनाश हुन्छ जुन तल लेखिएको छ ।

- खेति गर्नको लागि जङ्गल फँडानी गर्नाले ।
- बसोवासका लागि जथाभावि जङ्गल फँडानी गर्नाले ।
- आगलागी तथा डढेलो लाग्नाले ।
- जथाभावि पशुचरण गराउनाले आदि

विभिन्न असरहरु किन भई रहेका छन् । हाम्रो वन जङ्गललाई अब संरक्षण गर्नु पर्छ भनि जनचेतना जगाउनु पर्छ । वनजङ्गलको सुरक्षा गरेपछि अक्सिजन पनि कम हुँदैन । वनजङ्गल फँडानी गर्नेलाई कडा भन्दा कडा कार्यवाहि गर्नु पर्छ । ❑

हुलाक टिकट (Post Stamp)



डढेलो लगाउनु हुँदैन



बास्मती रोकाया
कक्षा: १०
श्री सरस्वती मा.वि., जैर-६, हुम्ला

हामीले वनजङ्गल संरक्षण गर्न गाई वस्तु जथाभावि छाडा छोड्नु हुदैन । बोट विरुवालाई फँडानी गर्नु हुदैन । बोट विरुवा नभएको ठाउँमा हामीले वृक्षारोपण गर्नुपर्छ। आगो तथा डढेलो लगाउनु हुँदैन। वृक्षारोपण नगरेमा धेरै क्षति हुन्छ । जग्गाजमिन, घर बाढि पहिरोले विनाश गर्न सक्छ । वनजङ्गल विनास गरेमा घाँस दाउराको अभाव पर्छ । गाई, भैसी, बाख्राहरुलाई घाँस, पात, सोत्तर, स्याउलाको अभाव हुन्छ । वन्यजन्तुको विनाश हुन्छ । यसैले वनजङ्गल संरक्षण गर्नुपर्दछ । ❑

रु. ५०० पुरस्कार (Prizes) जित्नुहोस्



दिइएको फोटो कसको हो ? उनको बारेमा झण्डै २५० शब्द लेखी हामीलाई पठाउनुहोस् । उत्कृष्ट लेखलाई हामी पुरस्कृत गर्नेछौं ।

वन्यजन्तु तस्कर इयान बेकर पक्राउ



बिराज पुन

खोजीको सूचीमा रहेका वन्यजन्तु तस्कर इयान बेकर पक्राउ परेको इन्टरपोलले पुष्टी गरेको छ । उनी अहिले ग्रीस प्रहरीको हिरासतमा छन् । बेकर सन् २००८ देखि वेपत्ता थिए । काठमाडौंमा दुर्लभ वन्यजन्तुका अंगको अवैध कारोबारमा संलग्न भएको प्रमाण फेला परेपछि प्रहरीले रेड कर्ननर नोटीस जारी गरेको थियो । उनी बस्ने नक्सालको एउटा घरमा दुर्लभ वन्यजन्तुका अंगहरु ठूलो परिमाणमा बरामद भएको थियो । उनले आफ्नो घरलाई वन्यजन्तुका अंगले सजाएर राखेका थिए ।



वन्यजन्तुका अंग र पुरातात्विक महत्वका वस्तुसहित काठमाडौंमा जीवन बिताएका अमेरिकी नागरिक बेकर कहिले तिब्बत त कहिले थाइल्यान्डको राजधानी बैंकक घुम्ने गरेका थिए ।

२४ वर्षदेखि नेपाल बसिरहेका बेकरको नक्सालस्थित सममार्गको ८०७ नम्बरको घरबाट प्रहरीले अहिलेसम्मकै सबैभन्दा बढी दुर्लभ वन्यजन्तुका अंग र पुरातात्विक वस्तु बरामद गरेको थियो । तर उनी भने फरार थिए ।

प्रहरीले २०६५ जेठ ९ गते उनको घरमा छापा मारेर ती सामग्री कब्जामा लिएको थियो । हनुमानढोकास्थित प्रहरी महाशाखाको अनुसन्धान टोलीले नक्साल सममार्गस्थित घर र बालुवाटारस्थित अर्को घरबाट वन्यजन्तु र पुरातात्विक गरी १ सय २२ थान अवैध सामग्री बरामद गरेको थियो ।

जसमा सोफा, ओभरकोट, ज्याकेट, टोपी, ब्ल्यांकेट पनि बाघ वा चितुवाको छालाले बनेका थिए। बाघ, हिउँचितुवा, चितुवा, हाब्रे, झारल, घोरल, विभिन्न प्रजातिका चित्तल, स्यालका छाला, हड्डी, नंग्रा र खप्पर थिए। सय वर्ष पुराना टुँडाल, भैरव र विष्णुको मूर्ति, दराज, तोरण, खलु, भ्याल, गजुर, कारने, लामोखलु पनि बरामद भएका थिए । डाइनिङ टेबलमुनि बाघको छाला थियो भने ओछ्यानमा चितुवाको छालाले बनेको सिरानी। सोफामा चितुवाकै छालाबाट बनेका चकटी थियो। बैठककोठामा त सिङदेखि नङग्रा र हड्डीदेखि खप्परसम्मको भण्डारै थियो ।

घरका लुगाफाटा पनि वन्यजन्तुकै अंगबाट बनेका थिए । बाघ र चितुवाको छालाले बनेका ओभरकोट, ज्याकेट, टोपी, कम्मरपेटी, ब्ल्यांकेट, बाकस, दाप, माला भूँइभरी थिए । जुन अहिलेसम्मकै ठूलो परिमाण हो । यो घटना हुँदा बेकरको उमेर ५५ वर्ष थियो अहिले उनी ६४ वर्षका भइसकेका छन् । पक्राउ परेका बेकरलाई नेपाल ल्याउने भने अझै टुंगो लागिसकेको छैन । उनलाई नेपाल ल्याइसकेपछि भने उनी विरुद्धका दश वर्षअघिको मुद्दाको सुनुवाइ हुनेछ ।


साभार: कान्तिपुर, अन्नपूर्ण पत्रिका

पर्यटकको इमेलले समातेको तस्कर



प्रतीक बुढा
कक्षा-११
नागार्जुन ठूलागाउँ मा.वि., जितपुरफेदी

२०६७ सालमा मुस्ताङ भ्रमण गएका एक विदेशी पर्यटकले एक स्थानीय बासिन्दाको घरमा हिँउचितुवको अंग देखे । घुमेर आफ्नो देश फर्किए तर हिँउचितुवाको अंगलाई बिर्सनै सकेनन् र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा सरोकारवालालाई इमेल लेखे । त्यही इमेलका आधारमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो, विभाग र जिल्ला प्रहरी कार्यालय मुस्ताङ मिले यो घटनाको अनुसन्धान गरे र दुईजना हिउँचितुवाको तस्करीमा संलग्नलाई समातियो ।



हिँउ चितुवाको तस्करी नेपालमा मात्रै होइन हिउँ चितुवा पाइने १२ वटा देशमा नै हुने गरेको छ । हिँउ चितुवाको चोरी तस्करीमाथी छलफल २०१७ अगस्ट २३ देखि २६ गतेसम्म किर्गिजस्तानको राजधानी बिस्केटमा हिँउचितुवा सम्मेलन भएको थियो । काठमाडौ मा आयोजना भएको दोस्रो हिउँचितुवा कार्यबैठक पछि किर्गिजस्तानमा यो सम्मेलन हुन लागेको हो । काठमाडौंमा गएको वर्ष माघ ४ गते देखी ७ सम्म यो सम्मेलन भएको थियो । हिउँचितुवा नेपालको पूर्वको कञ्चनजंघा संरक्षण क्षेत्रदेखि पश्चिमको अपिनपा संरक्षण क्षेत्रभित्रका १२ निकुञ्ज, शिकार आरक्ष र संरक्षण क्षेत्रको हिमाली भेगमा पाइन्छ ।

यसलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले संरक्षित वन्यजन्तुको सूचीमा राखेको छ । हिउँचितुवालई गैर कानुनी तरिकारले मार्ने, घाइते बनाउने, यसको शरीरको कुनैपनि अङगलाई किनबेच गर्ने व्यक्तिलाई रु पाँच लाख देखि दश लाख सम्म जरिवाना वा पाँच वर्षदेखी १५ वर्षसम्मको जेल सजाय वा दुवै सजाय हुने प्रावधान छ ।

विश्वमा हिँउ चितुवा नेपालका साथै अफगानिस्तान, भुटान, चीन, काजकिस्तान, किरगिस्तान, भारत, मङ्गोलिया, रसिया, पाकिस्तान, ताजकिस्तान र उज्वेकिस्तानमा पाइन्छ । हिँउचितुवा संसारकै कठिन भूखण्डमा बस्छन् । नेपालमा हिउँचितुवा ३ सयदेखि ५ सयबीच रहेको अनुमान छ विश्वमा यसको संख्या ४ हजारदेखि ६ हजार ५ सयसम्म रहेको अनुमान छ । नेपालभरिमा शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको लागु उपत्यकामा हिउँचितुवा सबैभन्दा बढी घनत्व (१०० वर्ग कि.मि.मा १०-१२ वटा हिउँचितुवा) पाइएको छ ।

साभार : विभिन्न पत्रपत्रिका

हुलाक टिकट (Post Stamp)



गाइने किराबारे जानकारी



आजभोलि गाइने किराहरु नचिन्ने मानिसहरु सायदै होलान् । यिनको लामो शरीर, पारदर्शी पंखेटाहरु तथा ठूलाठूला आँखाहरु हुन्छन् । यिनीहरु किरा हुन् । यसलाई खेतारी, पानी टिपुवा, टुकली, फिरफिरे, भ्यालिन्चा आदि नामले समेत चिनिन्छ । टाउको ठूलो भएको कारणले कसै कसैल घन टाउके किरा समेत भन्दछन्। यिनीहरु तातो मौसममा तथा पानी आसपासको क्षेत्रमा बस्न रुचाउने गर्दछन् । यिनीहरुले मानिसलाई कुनै नोक्सानी गर्दैनन् । यसका केही रोचक जानकारीहरु पढौ ।

- यिनको छ वटा खुट्टाहरु भए पनि राम्ररी हिँड्न सक्दैनन् तर उड्न सिपालु हुन्छन् । उड्दाउड्दै आफ्नो आहारा कति टाढा छ, कुन दिशामा छ र कुन गतिमा उडिरहेको छ भनेर अनुमान गर्न सक्छन् ।
- यिनीहरु हावामा एकै ठाउँमा पंखेटा हल्लाएर बस्न सक्छन् । यिनीहरु अगाडि फर्किएर पछाडि पनि उड्न सक्छन् । यिनीहरु ६ प्रकारले उड्न सक्छन् । कुनै कुनै गाइने किराहरु ९७ किलोमिटर प्रति घन्टाका दरले समेत उड्न सक्छन् । यिनका चारवटा पखेटाहरु एकै पटक वा फरक फरक हिसाबले प्रयोगमा आइरहन्छन् ।
- ठूलो आँखाभित्र हजारौं सा(साना आँखाहरु (करिब ३०००० हुन्छन् । त्यसैले यिनीहरुले चारैतिर देख्न सक्छन् तर प्रष्ट भने देख्दैनन् ।
- यिनीहरु मांसाहारी किरा हुन् । साना किराहरु, मौरी, माखा, लामखुट्टे, पुतली पनि खान्छन् । एकदिनमा कम्तिमा ३० वटा लामखुट्टे खाने गर्दछन् । उडिरहंदा नै आहारालाई समातेर खान पनि सक्छन् । ठूला गाइने किराले साना गाइने किराहरूलाई समेत खाने गर्दछन् । तर यिनलाई भने छेपारो, चरा, भ्यागुता, माछाले आहारा बनाई दिन्छन् ।
- फूलबाट लार्वा बनेपछि पानीमा करिब ६ महिना देखि १ वर्षसम्म रहन्छन् । उड्न थालेपछि १-२ महिना जतिमा जीवनचक्र समाप्त हुन्छ ।
- हाल पाइने गाइने किराको पंखेटाको चौडाई (एक पखेटाको टुप्पादेखि अर्को पखेटाको टुप्पासम्मको दूरी) ५-१३ सेमीसम्म हुने गर्छ । जबकि पहिला भेटिएकाको (अवशेष) पखेटा ७५ सेमि चौडासम्म थिए । यिनीहरुको उपस्थिति पृथ्वीमा ३२६ मिलियन वर्ष (१ मिलियन वर्ष १० लाख वर्ष) अगाडि भेटिएको थियो ।
- इन्डोनेसियामा मानिसहरुले यसलाई खाने गर्दछन् । एशिया मुलुकमा टाउकोमा आएर बस्यो भने राम्रो हुने विश्वास गरिन्छ । जापान र चीनमा परम्परागत औसधिमा समेत यसको प्रयोग गरिन्छ ।
- संसारभर ५९०० प्रजातिका गाइने किराहरु भएको अनुमान गरिएको छ । यिनीहरु संसारकै उड्न सक्ने ठूला किराहरुमा पर्दछन् ।
- बेलायतमा मरेका सर्पहरुलाई यसले छोइदियो भने सर्प बाँच्ने किम्वदन्ती छ ।
- शारीरिक सम्पर्कको बेला भालेले हैरान पार्छन् । घाँटीमा समाएर बलात्कार नै गर्छन् । यही हैरानीबाट बच्न पोथीले मरेझैं नाटक समेत गर्दछन् । यसका लागि आकासबाट खसेझैं गर्ने र भुइँमा नचली बस्ने गर्दछन् । कुनै कुनै भालेले भने शारीरिक सम्पर्क भइसके पछि अन्य भालेले सम्पर्क नगरोस् भनेर सुरक्षा गार्डको रुपमा सहयोग गर्दछन् ।

साभारः राजु आचार्य, FON

नेपालमा भ्यागुता

नेपालमा भ्यागुताहरूका जम्मा करिब ५६ प्रजातिहरू पाइएका छन् । यी प्रजाहिरूलाई दुई समूहमा राखिन्छ । पहिलो चिल्लो छाला, लाम्चो थुतुनो, टाटा वा पाटा परेको शरीर भएका समूहमा पर्नेहरूलाई 'चिल्ले भ्यागुतो' (frogs) भनिन्छ । यसरी नै खस्रो छाला, बाटुलो थुतुनो, शरीर भरी गिर्खा वा काँडा जस्ता चिन्हहरू भएमा 'खस्रे भ्यागुता' (Toads) भनिन्छ । अब नेपालमा चिल्ले भ्यागुताहरू ५० प्रजाति भन्दा धेरै र बाँकी खस्रे भ्यागुताहरू पर्छन् । विशेष गरी हाम्रो देशमा खस्रे भ्यागुताका तीनप्रजातिहरू छन् । बेसीतिर पाइने कालो खस्रे र बाटुले खस्रे पाइन्छन् भने लेकतिर हिमाली खस्रे पाइन्छन् । यसर्थ तराई बेंसी, खोचतिर पाइने ठूलो भ्यात्त परेको कालो वा फुस्रो र हत्तकेला जत्रो छ भने त्यो कालो काँडे खर्से हो, भने लेकतिर पाइने राता राता गिर्खा वा फोकाफोकी भएका पहेँल्चा हत्केला भरीका खस्रेलाई हिमाली खस्रे भनिन्छ । यी खस्रेहरूलाई राई वान्तवा भाषाम भोरोप पनि भनिन्छ । अर्को तर्फ चिल्ले भ्यागुतोहरू नेपालमा यत्र तत्र छन् । यिनीहरुका प्रजातिहरू पनि हिमाली, पहाडी, चुरिया पर्वतमाला, खोच, बेसी, उपत्यका तथा तराइ मदेशमा पाइने फरक फरक छन् । हिमाली क्षेत्रतिर टिकटिके पाहा पाइन्छन् भने मध्य पहाडी क्षेत्रमा पाहा तथा भ्यागुता दुबै पाइन्छन् । यही पहाडी क्षेत्रका खोला नाला सिमसारतिर करिब ११ प्रजातिका पाहाहरू पाइन्छन् । सबभन्दा ठूलो पाहाको प्रजाति हो मन पाहा (लक). सबभन्दा सानो पाहाको प्रजाति हो पुच्चे पाहा (न्यानोराना मिनिका). पहाडी क्षेत्रको मझौला पाहाहरूमा पिरे पाहा र सिस्ने पाहा हुन् । राई वान्तवा भाषामा यस समूहलाई काङमाक पनि भनिन्छ । ***साभार: Karun Diku Dewan, FB***

स्याण्डपाइपर चराको लामो यात्रा

१३ हजार किलोमिटर यात्रा गरी ६ पोथीसँग सहवास, २२ चल्ला जन्मिए

२१ सेन्टिमिटर लामो तथा १ सय ग्राम वजनको स्याण्डपाइपर चराले एक महिनामा १३ हजार किलोमिटरको दूरी उडेर पार गरेको छ । यो चराले भने एक सिजनमै दक्षिणी अमेरिकादेखि अलास्कासम्मको दूरी पार गरेको छ । उक्त पंक्षीले केवल सम्भोगका लागि यति लामो यात्रा गरेको हो । यो दूरी तय गर्नका लागि उक्त पंक्षी अमेरिकाको उत्तरी अलास्कास्थित विभिन्न फरक फरक २४ वटा प्रजननस्थल पुगेको छ ।

स्याण्डपाइपर चरालो प्रजननका लागि यति लामो दूरी पार गरेको यो पहिलोपटक भएको वैज्ञानिकहरुको भनाई छ । यो प्रजातिका चराहरुले प्रजनन मौसममा सहवासका लागि औसतमा ३ हजार किलोमिटर यात्रा गर्छन् ।



एक प्रजनन सिजन प्राय ४ देखि ६ हप्तासम्मको हुन्छ । यो सिजनको सबैभन्दा सफल मानिएको यो भाले चराले ६ अलग-अलग पोथीसँग सहवास गरी २२ वटा चल्ला जन्माउन सफल भएको छ ।

साभार : नेचर पत्रिका, एजेन्सी

पुतली : जैविक विविधताको महत्वपूर्ण अंश

अमेरिकी विश्वविद्यालयबाट पुतलीमा विद्यावरिधि गरेका प्रा.डा. भैया खनाल त्रिभुवन विश्वविद्यालय, प्राणीशास्त्र अन्तर्गत प्राध्यापन एवं प्राकृतिक विज्ञान संग्राहालय स्वयम्भूमा वन्यजन्तु विज्ञ भई लामो समयसम्म कार्य गर्नुभएको अनुभव छ । उहाँसँग पुतलीको बारेमा हरियाली रक्षकले गरेको कुराकानीको अंशः

◆ पुतलीको नेपालमा कस्तो अध्ययन भएको छ ?

- सन् १८२६ देखि नेपालमा पुतलीको अध्ययन भएको हो । त्यतिबेला बेलायती नागरिक मेजर जनरल थम्सन हार्ड विक्कीले पुतलीबारे अध्ययन गरेका थिए । सन् १९५० मा एफएम बेलेले नेपालका पुतलीबारे अध्ययन गरेका थिए । बेलेका अनुसार नेपालमा ५९० प्रजातिका पुतली पाइने दावी गरे पनि नेपालमा ६६० प्रजातिका पुतली



नागार्जुन वन क्षेत्रमा पाइएको पुतली

पाइने "पुतलीबाजे" बेलायती नागरिक कोलिन स्मिथ दावी छ ।

◆ पुतलीको प्रकृतिमा कस्तो महत्व छ ?

- नेपालमा अध्ययन हुन थालेको ९१ वर्षपछि नेपालीले पुतलीको महत्वबारे बुझ्दै गएका छन् । पुतलीले बालीनाली, फलफूल र तेलहनमा परागशेचन गर्ने भूमिका निर्वाह गर्छ । वातावरण स्वच्छ राख्न सघाउ पुर्याउँछ । पुतलीले परागशेचन नगर्ने हो भने बालीनाली उत्पादनमा कमी आउँछ ।'



प्रा. डा. भैया खनाल

पर्यापर्यटनका लागि पुतली महत्व रहेको छ । पुतलीबारे अध्ययन, अनुसन्धान गर्न चाहने विदेशी नेपाल आइरहन्छन् । कतिपय पुतली हेर्न भनेरै नेपाल आउने गर्छन् । प्रकृति सन्तुलन राख्न पुतलीको भूमिका अहम् हुन्छ । खाद्यचक्रको एउटा अंश पुतली पनि हो । सानो भए पनि पुतलीलाई जैविक विविधताको महत्वपूर्ण अंश मानिन्छ ।

◆ पुतलीको प्रकार बारे बताइदिनुहोस् ।

- दिउँसो र रातिमात्र सक्रिय हुने दुईप्रकारका पुतली हुन्छन् । संसारभरि करिब २० हजार प्रजातिका पुतली दिउँसो सक्रिय रहन्छ । रातिमात्रै सक्रिय रहने पुतली एक लाख ८० हजार बढी छन्, नेपालमा तीन हजार प्रजातिका निशाचर अर्थात् राति सक्रिय पुतली पाइन्छन् । त्यसमध्ये सेतो पुतलीको रौं आँखामा पस्यो भने समयमा उपचार नगरे आँखाको दृष्टि गुम्न सक्छ । सेतो पुतलीबाट बच्न छेउछाउ जानुहुँदैन । नचलाए पनि रौं उडिरहने भएकाले कतिपय अवस्थामा

सेतो पुतलीको छेउछाउ नजाँदासमेत आँखामा पर्न सक्छ । कतिपय निशाचर पुतली दिउँसोसमेत सक्रिय हुन्छन् । त्यो बिस्तारै उड्ने भएकाले चिन्न सकिन्छ । दिउँसो सक्रिय पुतली छिटो उड्ने गर्छ ।

◆ पुतलीको हालको अवस्था र यसको प्रकृति बारे बताइदिनुहोस् ।

नेपालका १४२ प्रजातिका पुतली खतराजनक अवस्थामा पुगेका छन्, सहरीकरण, सडक विस्तार, वासस्थानको कमी र विषादीका कारण १५ वर्षअघि देखिएका पुतली हिजोआज देखिएका छैनन् । तीन प्रजातिका पुतली वन्यजन्तुको अवैध व्यापारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि साइटिसमा राखिएका छन् । ती पुतली दुर्लभ मानिन्छन् । झापाको केचनाकलन (५६ मिटर)



नागार्जुन वन क्षेत्रमा पाइएको पुतली

देखि ५,४०० मिटर उचाइमा रहेको मनाङको थोराङपाससम्म पुतली पाइएका छन् । पोन्टिया सेर्पा (मनाङ), क्रिबेटा लेहमानी (मनाङ र मुस्ताङ), पोलियोम्याटर्स नेपालेन्सिस (मुस्ताङ) र पारालासा नेपालीका (डोल्पा) प्रजातिका पुतली नेपालमा मात्रै पाइन्छन् । नागार्जुन वन र ललितपुरको गोदावरीमा दुई सय प्रजातिका पुतली पाइन्छन् । यसले एकपटकमा दुई सयदेखि तीन सय ५० वटासम्म फुल पार्छ । एउटै पुतलीका पखेटामा धेरै रङ हुन्छ ।

◆ पुतलीलाई हाल के–कस्तो असर परिरहेको छ ?

- जलवायु परिवर्तनले पुतलीमा समेत असर पारेको छ । जलवायु परिवर्तनको १,७०० मिटरमा पाइने पुतली २,३०० मिटरमा पाउन थालिएको छ । अपवादबाहेक पुतलीका लार्भाले खाने वनस्पति एउटै हुन्छ । कुनै-कुनै पुतलीले मात्रै चारवटासम्म वनस्पति खाने गर्छ । जलवायु परिवर्तनले पुतलीले खाने वनस्पतिमा समेत असर परेको छ ।

◆ पुतलीको जीवन चक्र कस्तो हुन्छ ?

- पुतली तीनदेखि पाँच साता बाँच्न सक्छ । कुनै-कुनै पुतली सात सातासम्म बाँचेका छन् । दिउँसो सक्रिय पुतलीको जीवनचक्र तीन सातामा पूरा हुन्छ । राति उड्न कुनै, कुनै पुतलीको जीवनचक्र पूरा हुन १० महिनासम्म लाग्छ ।

◆ पुतलीको संरक्षणको लागि के पहल भएको छ ?

- पोखरामा पुतली संग्रहालय स्थापना गरिएको छ । पुतलीको महत्व बुझाउन ३५ थरी पुतलीका हुलाक टिकट प्रकाशित भइसकेको छ । पुतलीको उपयोगिता बुझाउन पाठ्यक्रममा समेत समेटिएको छ । नेपाली गीत, संगीतमा पुतलीले ठाउँ पाएका छन् । ❑



Don't act blindly, treat us kindly


श्री सरस्वती मा.वि., जैर, हुम्लाका विद्यार्थीले बनाएका चित्र



बास्मति धामी



लिलाजन नेपाली



प्रदीप खरू मगर



प्रविन थापा



ठान बहादुर रोकाया



प्रसिता नेपाली

श्री सरस्वती मा.वि., जैर, हुम्लाका विद्यार्थीले बनाएका चित्र




युवराज नेपाली



प्रमिला बुमि



चित्रबहादुर सुनार



तारासिंह नेपाली



कविता बुढा



दिलमाया छन्त्याल